उपाध्यक्ष श्री विस्नादेवी सिंहद्धारा प्रस्तुत

आर्थिक वर्ष २०७४/०७५ को

# बजेट वक्तव्य

# सायल गाउँपालिका

**डौड,डोटी**

सभाध्यक्ष महोदय,
तथा सदस्य ज्यूहरु,

विगत १५ वर्षदेखि जनप्रतिनिधिविहीन रहेको स्थानिय निकाय नेपालको संविधान अनुरुप पुनर्संरचना भई स्थानीय तहको निर्वाचन सम्पन्न भई आज सायल गाउँपालिकामा स्थानीय सरकारको रुपमा स्थापना भएको अवस्थामा गाउँपालिकाको आर्थिक बर्ष २०७४।७५ को वार्षिक बजेट तथा कार्यक्रम गाउँसभा समक्ष प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएको छु । देशलाई यस स्थितमा ल्याइ पुऱ्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, देशमा गणतन्त्र तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण गर्न चाहन्छौँ ।

नेपालको संविधान, विभिन्न ऐन तथा आदेश मार्फत स्थानिय तहलाई प्राप्त अधिकार बमोजिम आफनो स्थानिय तहको बार्षिक बजेट तथा कार्यक्रम आज यो सायल गाउँपालिकाको गाउँ सभा समक्ष पेश गर्ने ऐतिहासिक अवसर प्राप्त भएको छ । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई स्थानिय सरकारलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैँ बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।

अवका दिनमा सायल गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको चरम गरिवी न्युनीकरण गर्ने प्रमुख नीतिअनुरुप बजेट तथा कार्यक्रम तय गरिएको छ ।

यस गाउँपालिकाको कार्यभार सम्हाल्दा गाउँपालिकाको विकास, जनताका आधारभूत आवश्यकताको परिपूर्ति, गाउँपालिकाको पूर्वाधार विकास, जनताका दैनिक व्यवहारमा आइपर्ने समास्याहरुको समाधान तथा समाजिक एकता कायम गर्ने प्रमुख अभिभारा थियो । उपरोक्त अभिभारालाई पुरा गर्न यस गाउँपालिकाको समग्र विकास गरी उच्च समृद्धिको बाटोमा डोऱ्याउन यो बजेट तथा कार्यक्रमले सहयोग गर्ने अपेक्षा लिएको छु ।

**बजेट कार्यान्वयनका चुनौतीहरु**

अभ्यासका क्रममा रहेकोले संघीयता कार्यान्वयनको बिषय नेपालका लागि नौलो भएकोले स्थानिय तहको बजेट कार्यान्वयनमा हाल देखिएका मूलभुत चुनौतीहरु यस प्रकार रहेका छन ।

- स्थानिय स्रोतका परिचालन तथा राजश्व संकलन
- स्थानिय तहमा भएको पुनरसंचना अनुरुपको संस्थागत र कानुनी व्यवस्थाका
- परम्परागत रुपमा रहेको कृषि प्रणालीको रुपान्तरण
- शिक्षा नीतिको कार्यान्वयन
- स्थानिय स्तरमा बैंकिङ सेवाको पहुँच पुयाउनु वातावरण तथा विपद व्यवस्थापन
- भौगोलिक विकटता
- सामाजिक बिकृति, विसंगति र अन्धविश्वास

ह्मम्रा सामु विभिन्न चुनौतीहरु रहे तापनि यहाँको प्राकृतिक सम्पदा, कृषि विकासको सम्भावना, आम नागरिकमा बृद्धि हुँदै आएको चेतना, शिक्षा क्षेत्रमा आएको प्रगति सायल गाउँपालिकाको समृद्धिका आधार हुन । यस परिपेक्ष्येमा

विद्यमान अवसरहरुको सदुपयोग तथा चुनौतीहरुको सामना गर्ने गरी यो बजेट तथा कार्यक्रम तय गरिएको छ । यो बजेटका उद्देश्यहरु देहाय बमोजिम प्रस्तुत गरेको छु ।

- जनचाहाना अनुरुप विकास गतिविधि सञ्चालन गरी गाउँपालिकाको दिगो र समावेशी आर्थिक विकास गर्ने ।
- नेपालको संविधान, नेपाल सरकारबाट जारी भएका ऐन, नियम,नीति निर्देशिका कार्यान्वयन ।
- स्थानिय तहबाट प्रदान गरिने सेवाहरुमा आम नागरिकको पहुँच वृद्धि ।

यी उद्देश्यहरु कार्यान्वयनका लागि यस बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु ।

- सडक सञ्जाल निर्माण र कार्यान्वयन
- कृषिको आधुनीकीकरण तथा व्यवसायीकरण
- शिक्षा, स्वास्थ्य, खानेपानी , र सरसफाइमा लगानी ।
- पुनरसंचना अनुरुपको संस्थागत र कानुनी व्यवस्था निर्माण ।
- वातावरण तथा विपद व्यवस्थापन ।
- स्थानिय कला संस्कृति र पेशाको प्रवर्द्धन तथा सांस्कृतिक सम्पदाको संरक्षण
- केन्द्रिय विद्युत प्रसारण लाइन विस्तार
- पर्यटन पूर्वाधारको विकास
- महिला, अशक्त, अपाङ्ग, दलित, उत्पीडित र विपन्न वर्गको सशक्तीकरण समावेशीकरण

अब म यिनै चुनौती,उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आर्थिक बर्ष २०७४/७५ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

नेपालको संविधान,ऐन,नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्थानिय तहलाई प्राप्त अधिकार क्षेत्रको परिधीभित्र रही आवश्यक कानुनी र नीतिगत व्यवस्था गरिनेछ ।

समग्र राज्य कै चुनौतीको रुपमा रहेको संघीयता कार्यान्वयनको बिषयमा स्पष्ट कानुनी र संस्थागत व्यवस्था हुन नसक्दा अन्यौलको स्थिति सिर्जना भएको छ ।

दरबन्दी अनुरुप कर्मचारी नभएकोले स्थानिय तहको व्यवस्थापन चुनौती थपेको छ । रिक्त पदपूर्तिका लागि सम्बन्धित निकाय सँग पहल गर्ने साथै अति आवश्यक कामका लागि तत्काल सेवा प्रवाहलाई सहजीकरण गर्न नियमानुसार करार सम्झौता गरी प्रभावकारी सेवा प्राप्त गर्न सुनिश्चित गरिएको छ । स्थानिय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन क्षमता अभिबृद्धि तथा अभिमूखीकरण कार्यक्रम संचालन गरिनेछ ।

## १. आर्थिक विकास

### १.१ कृषि :

१. नेपालको कुल जनसंख्याको ६५ प्रतिशत भन्दा बढी जनसंख्या जीविकोपार्जनको लागि कृषि पेशामा निर्भर रहेको अवस्थामा यस सायल गाउँपालिकाको अधिकांश जनसंख्या कृषि पेशा संलग्न रहे पनि परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीको कारणले कृषि पेशा गुणस्तरीय जीवनयापनको आधार बन्न सकेको छैन । वर्षेनी हजारौ युवायुवती विदेश पलायन हुनुपर्ने वाध्यकारी अवस्थामा कृषि क्षेत्रलाई मर्यादित र सम्मानजनक बनाउनको लागि र निश्क्रिय श्रमशक्तिलाई कृषि पेशामा आकर्षित गर्न र कृषिमा संलग्न अर्धरोजगार जनसंख्यालाई पुर्णतया पेशामा संलग्न गराई कृषि उत्पादन विविधिकरणलाई प्रोत्साहन गर्न, वेमौसमी तथा मौसमी तरकारी खेती, व्यवसायिक फलफूल खेतीलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदानमा कृषि औजार उपलव्ध गराउने व्यवस्था गरिएको छ ।

५. वेमौसमी तरकारी खेतीमा युवालाई आकर्षित गर्नको लागि ७५ प्रतिशत अनुदानमा पोलिहाउस वितरण कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६. पोषणको दृष्टिले पछाडी परेको समुदाय तथा वर्गको पोषणको अवस्थामा सुधार गर्न 'एक घर एक करेसावारी' कार्यक्रम लागु गरिनेछ । तरकारी किट वितरण गरि उपयोगमा नआएको कृषियोग्य जमिनको प्रयोग गर्ने र व्यवसायिक तरकारी खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रम तय गरिएको छ ।

७. यस सायल गाउँपालिका मसला तथा दलहनमा परनिर्भर रहेको अवस्थामा यस गाउँपालिकाको हावापानीमा संभव हुने मसला तथा दलहन वाली उत्पादनमा वृद्धि गर्ने कार्यक्रम तय गरिएको छ । यस कार्यक्रम मार्फत् आगामी वर्षमा मसला तथा दलहन आयातको प्रतिस्थापन हुने आशा गरिएको छ ।

८. परम्परागत खाद्यान्न भण्डारणलाई प्रतिस्थापन गरि खाद्यान्नको सुरक्षित र भरपर्दो भण्डारणलाई स्थापित गर्न ५० प्रतिशत अनुदानमा आधुनिक सिडविन वितरण गर्ने कार्यक्रम तय गरिएको छ ।

९. न्यून आयस्तर भएका कृषकहरुको आयआर्जनमा वृद्धि गर्नको लागि १०० प्रतिशत अनुदानमा च्याउको विउ वितरण तथा च्याउ खेती तालिमको व्यवस्था गरिएको छ ।

१०. कृषि पेशाप्रति वालवालिकाहरुमा सानै उमेरदेखि सकरात्मक सोच विकास गर्दै लैजानको लागि 'विद्यालय कृषि सचेतना कार्यक्रम' कार्यान्वयन गरिनेछ ।

११. वाली उत्पादन पुर्वानुमान तथा विभिन्न वालीहरुको उत्पादन स्थिति पत्ता लगाउनको लागि crop cutting (क्रप कटिङ) कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१३. विगत आर्थिक वर्षदेखि यस सायल गाउँपालिकामा सञ्चालित प्रधान्मन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका सम्पूर्ण कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिएको छु ।

१५. विगतदेखि सञ्चालित आलु व्लक कार्यक्रमलाई निरन्तरता दिदै स्थानीय उत्पादनको सम्भाव्यताका आधारमा थप ४ ओटा नयाँ पकेट निर्धारण गरिनेछ । उक्त कार्यक्रम कार्यान्वयन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ४३ लाख बजेट विनियोजन गरेको छु ।

१६. एक गा.वि.स एक कृषि प्राविधिक कार्यक्रम को लागि रु.३ लाख २० हजार र वित्तिय समानीकरण अनुदानबाट कृषि तर्फका कार्यक्रमहरुको लागि जम्मा रु. ७६ लाख ७५ हजार विनियोजन गरिएको छ ।

१७. व्यवसायिक कृषि उत्पादनलाई प्रोत्साहन गरी कृषकको बजारसम्म सहज र कम लागतमा पहुँच स्थापना गर्न कृषि सडक निर्माण र सञ्चालन गर्ने नीति अन्तर्गत कृषि सडकको लागि आवश्यक वजेट वजेट विनियोजन गरेको छु ।

**पशुपालन :**

१. पशुपालनलाई व्यवसायउन्मुख बनाउन र स्थानीयहरुको लघु वचतलाई सहकारी एवं समुह पशुपालनमार्फत व्यवसायिक पशुपालनमा परिचालन गर्दै उद्यमशीलतालाई प्रोत्साहन गर्न व्यवसायिक बाखापालन कृषक समुह गठन गरि तालिम सञ्चालन गरिनेछ ।

२. पशुपालन उत्पादकत्व सुधार गर्न र मासुमा यस सायल गाउँपालिकालाई आत्मनिर्भर गराउन नस्ल सुधार कार्यक्रम अन्तर्गत उन्नत जातका बोका तथा रागा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. पशुपोषणलाई मध्यनजर गर्दै उन्नत जातको भुई तथा डाले घाँसको विउ तथा विरुवा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सायल गाउँपालिकामा पशु स्वास्थ्य क्षेत्रमा देखिएका समस्यालाई समाधान गरि पशु उत्पादन वृद्धि गर्न रोग निदान, उपचार, तथा भ्याक्सिनेसनका साथै महामारी रोगको रोकथाम तथा उपचार गर्नुका साथै प्राविधिकको पहुँचबाट टाढा भएको वडामा पशुस्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

५. परम्परागत खोरलाई विस्थापित गर्दै आधुनिक खोरको स्थापना गरि पशुपालनमा आउने समस्यालाई समाधान गर्न व्यवसायिक फार्म स्थापना तथा फार्म सुधारका लागि अनुदान दिई आधुनिक खोर निर्माणमा पहल गरिनेछ ।

६. यस सायल गाउँपालिकामा रहेका अति विपन्न, पिछडिएको वर्ग, महिला लक्षित वर्ग वाखापालन समुह गठन गरि उनीहरुको पोषण सुधार तथा आय आर्जनको पाटोलाई मध्यनजर गर्दै वाखा वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. एक गा.वि.स. एक कृषि प्राविधिक कार्यक्रम अन्तर्गत रु. ८ लाख ८७ हजार र माथि उल्लिखित सम्पूर्ण कार्यक्रम कार्यान्वयन गर्न रु. २० लाख ४०  हजार  ८ सय साठी वजेट विनियोजन गरेको छु ।

### १.२ उद्योग तथा वाणिज्य

स्थानिय स्तरमा रहेका पेसागत सिपलाई प्रोत्साहन गर्न आरन सुधार, सिलाई मेसिन वितरण, सुधारिएको घट्ट तथा सामुदायिक मिल निर्माणका लागि जम्मा रु.१३ लाख ८० हजार बजेट विनियोजन गरिएको छ ।

### १.३ पर्यटन

२. सायल क्षेत्र पर्यटकीय दृष्टिकोणले सुन्दर र प्रचुर संभावनायुक्त ठाउँ हो । पर्यटन क्षेत्रको विकास र विस्तारका लागी अध्ययन अनुसन्धान गर्न, पर्यटक पथप्रर्दशक पुस्तक, चिनारीहरु छपाई गर्न र प्रचारप्रसार गर्नका लागी आवश्यक वजेट तथा कार्यक्रमको व्यवस्था गरीएको छ ।

३. सांस्कृतिक तथा धार्मिक क्षेत्र प्रवर्द्धन र विकासका लागी विभिन्न धार्मिक स्थलहरुको निर्माण, मर्मत सम्भार र संरक्षणका लागी जम्मा रु.२५ लाख  वजेट विनियोजन गरीएको छ ।

## २. सामाजिक विकास

### २.१ शिक्षा

माध्यामिक तह सम्म अनिवार्य निःशुल्क शिक्षा पाउने प्रबन्ध मिलाइएको छ ।  विद्यालय छोडेका र विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय जाने तर्फ आवश्यक पहल गरिनेछ । यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयको भौतिक अवस्थामा सुधार गरिनेछ । विभिन्न वडामा विद्यालयको भवन निर्माण, फिल्ड निर्माण तथा भौतिक संरचनाको मर्मत सम्भारका  लागि बजेट व्यवस्था गरेको छु । आर्थिक सामाजिक रुपले विपन्न वर्ग, दलित तथा छात्राहरुलाई प्रदान गरिने छात्रवृत्ति योजनालाई निरन्तरता दिइएको छ ।

नेपाल सरकारबाट शिक्षा क्षेत्रमा सर्शत अनुदान तर्फको रु ६ करोड ५८ लाख २८ हजार र वित्तिय समानिकरण मध्येबाट शैक्षिक संस्थाहरुको पुर्वाधार निर्माण तथा सुधारको लागि रु १ करोड ३७ लाख ५० हजार थप  विनियोजन गरी  कुल रु ७ करोड  ९५ लाख ७८ हजार बजेट व्यवस्था गरिएको   छ  ।

### २.२ स्वास्थ्य

नेपालको संविधान र राष्टिय स्वास्थ्य नितिको अनुसरण गर्दै सबै गाउँपालकि बासीहरुले आधारभुत गुणस्तरिय स्वास्थ्य सेवामा खोप औषधी परिवार नियोजन को सहज पहुँच हुने गरी प्रभावकारी रुपमा स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाइएको छ । स्वास्थ्य तर्फ शशर्त अनुदान रु. १ करोड ३४ लाख ७० हजार का साथै वित्तिय समानीकरणबाट रु ४२ लाख ८४ हजार थप गरी कुल रु.१ करोड ७७ लाख ५४ हजार विनियोजन गरिएको छ । जसमध्ये मानसिक रोगीहरुको उपचारका लागि रु.२ लाख र एच आई भी संक्रमित सहयोगका लागि १ लाख ५० हजार विनियोजन गरिएको छ । गर्भवती तथा सुत्केरी महिलाको पोषणको स्तर सुधार गर्न र स्वास्थ्य संस्थामा आइ सुरक्षित प्रसुती सेवा लिन प्रोत्साहन गर्न रु ५०० का दरले पोषण भत्ता दिने प्रवन्ध मिलाइएको छ ।

स्वास्थ्य संस्था नभएका वडामा पनि गाउँ घर क्लिनिक र खोप क्लिनिक मार्फत अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ । र स्वास्थ्य संस्था स्थापनाको लागि सम्बन्धित तहमा पहल गरिने छ ।

## २.३ खानेपानी तथा सरसफाई

गाउँपालिकाका सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानीको लागि आवश्यक व्यवस्था मिलाउन जलस्रोत व्यवस्थापन परियोजनलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । RVWRMP को कार्यक्रम संचालित खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमका लागि गाउँपालिकाबाट २१ लाख विनियोजन गरिएको छ । सरसफाइलाई प्राथमिकता दिई नमुना गाउँ निर्माण अभियान संचालन गरिनेछ । संञ्चालनमा रहेका खानेपानी योजनाहरुको मर्मत सम्भार तथा केही नयाँ योजनाको निर्माणको लागि रु ४९ लाख २५ हजार विनियोजन गरिएको छ ।

## २.४ संस्कृति प्रवर्द्धन

स्थानिय स्तरका रहेका धार्मिक स्थल तथा मठ मन्दिरको मर्मत सम्भार तथा निर्माण गरी सांस्कृतिक प्रवर्द्धन तथा धार्मिक पर्यटनलाई बढावा दिन रु ९४ लाख ८५ हजार बजेट विनियोजित गरिएको छ ।

## २.५ खेलकुद तथा मनोरञ्जन

हाम्रो गाउँपालिकामा समाविष्ट साविकका गा.वि.स.हरुले खेलकुदको क्षेत्रमा अपेक्षित उपलव्धि हासिल गर्न नसकिरहेको अवस्था र खेलकुद पुर्वाधारको कमजोर अवस्थालाई सुधार गर्न यस गा.पा.का युवाहरुमा वहुआयामिक व्यक्तित्व विकास गर्ने र राष्ट्रिय स्तरमा यस गाउँपालिकाको वहुआयामिक पहिचान स्थापित गर्ने नीति अन्तर्गत खेलमैदानहरु निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु । गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिता संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । उल्लेखित खेलकुल सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कुल रु. १८ लाख २५ हजार बजेट विनियोजन गरिएको छ ।

## २.६ लैङ्गिग समानता र सामाजिक समावेशीकरण

आर्थिक, सामाजिक, राजनीतिक, प्रशासनिक रुपले सीमान्तकृत वर्गलाई वहुआयाममा समावेशीकरण गर्ने नीतिलाई कार्यान्वयन गर्न पिछडिएका वर्ग, महिला, दलित, मुक्त हलिया, अपांग र युवालाई आर्थिक उपार्जनका कार्यक्रममा आवद्ध गरि आर्थिकरुपले सशक्तिकरण गर्ने र शासनको प्रक्रियामा मुलप्रवाहिकरण गर्न लक्षित वर्ग आर्थिक उपार्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।

दलित वर्गले परम्परागतरुपमा अंगालि आएको पेशालाई आधुनिकीकरण गरी बदलिएको अर्थतन्त्रमा त्यस्तो वर्गको दिगो सहभागिता सुनिश्चित गर्न आरन सुधार कार्यक्रम, आधुनिक सिलाईकटाई मेसिन उपकरण खरिद गरि वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

लैङ्गिक मुलप्रवाहीकरण गर्दै शासनप्रणालीको प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाको अर्थपूर्ण सहभागिता वढाउने कार्यमा प्राथमिकता दिइएको छ ।

महिला हिंसा, भेदभाव र वहिष्करण अन्त्यको लागि निरोधात्मक न्यायमा पहुँच र संरक्षणात्मक उपायहरु अवलम्वन गर्ने नीति लिइएको छ । मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका स्वास्थ्य सेवाको बारेमा चेतना बढाई महिलाहरुको क्षमता अभिवृद्धि गर्न कार्यक्रम तय गरिएको छ । प्रत्यक्ष रुपले महिला, बालबालिका, दलित तथा अपाङ्गहरुलाई लक्षित गरी कुल रु.५४ लाख १५ हजार ५ सय बजेट विनियोजन गरिएको छ ।

## ३. पूर्वाधार विकास

### ३.१ स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल

१.प्रत्येक वडालाई सडक सञ्जालमा जोड्ने र पर्यटन क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति अन्तगर्त वडा नं. २ ओडबाटा देखि ३ नं वडा कार्यालय सम्मको सडक निर्माणका लागी रु ४८ लाख बिनियोजन गरिएको छ ।

२. सायल गाउपालीका वडा नं २ को सिर्मा देखि वडा नं १ कौराडी सम्म यातायात पहुँच स्थापना गरि समग्र सायल क्षेत्रका जनतालाई सामाजिक, आर्थिक, राजनीतिक र प्रशासनिकरुपले एकतावद्ध गर्नका लागी रु १५ लाख रकम बिनियोजन गरेको छु । र डुमरी असुद्धाला सडक निर्माणका लागि रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

३. जनताको जनजिविकाको सवाललाई ध्यानमा राखी हाल कायम रहेको मेल्लेख डौड तोलेनी सडकमा गरिने यात्रा, दैनिक उपभोग्य वस्तुको ढुवानी तथा सेवाप्रवाहलाई सहज बनाउन यस सडकको मर्मत सम्भारका लागी रु.१० लाख बिनियोजन गरेको छु ।

४.सडक संजालीकरणकै सन्दर्भमा वडा नं ४ डौड देखि वडा नं ३ कचालीसम्मको सडक सर्भे, डौड केराबारी देखि घगारेसम्मको सडक सर्भे, डौड देखि भल्मासम्मको सडक सर्भे, दैना देखि अश्वद्धालासम्मको पर्यटकीय सडक ,ओडबाटा-ग्वानी-खटगडा-भुर्केला-पानीखाल सम्मको सडकका लागी आवश्यक रकम बिनियोजन गरीएको छ ।

५. यस गाउँपालिकालाई जिल्लाको सदरमुकामसम्म जोड्ने वैकल्पिक मार्ग मेल्लेख-दल्लेख-स्वाडा-सिलगडी सडक निर्माणकालागी रु.१५ लाख र दल्लेक विरलकाँडा सडकका लागि रु ५ लाख बिनियोजन गरेकोछु ।

६. मौजुदा झोलुंगे पुलहरुको अवस्था हेरी मर्मत सम्भार गर्नुपर्ने झोलुंगे पुल मर्मत सम्भार गरि यात्रालाई सुरक्षित गर्न र जीर्ण रहेका झोलुंगे पुलहरु विस्थापित गर्न आवश्यक सर्भे र आवश्यक स्थानहरुमा झोलुंगे पुल निर्माण गर्नको लागि सर्भे गर्न आवश्यक रकम विनियोजन गरिएको छ ।

७. माथि उल्लेखित लगायत सडक तथा झोलुङ्गे पुल निर्माण तर्फ कुल रु. १ करोड ९९ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।

### ३.२ सिचाई

***कृषि भमिमा पानी सिंचाइमा लगानी*** भन्ने नाराका साथ सिंचाई विकास र व्यवस्थापनमा कृषक तथा उपभोक्ताको पहुँच बढाउने नीति अनुरुप कृषिमा भुमिमा अत्यावश्यक सिचाईको मागलाई पुरा गर्न परम्परागतरुपमा सञ्चालित कुलोहरुको मर्मत, सम्भार र दिगो प्रयोगको लागि सिचाई कुलाहरुको मर्मत सम्भार तथा नयाँ कुलाहरुको निर्माणको लागि रु ९५ लाख ५ हजार विनियोजन गरेको छु ।

### ३.३ भवन तथा शहरी विकास

संघीयता कार्यान्वयनको प्रथम खुड्किलो नै गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडाहरुलाई आफ्नो दैनिक कार्यसञ्चालन गर्न र जनतालाई अत्यावश्यक सेवा प्रदान गर्नको लागि जग्गा भवन तथा अन्य पुर्वाधारहरुको स्थापना अत्यन्त आवश्यक भएकोले जग्गा खरिदका लागि रु.४५ लाख तथा भवन निर्माणको लागि कुल रु.१ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

### ३.४ उर्जा,

स्थानिय स्तरका लघु जलविद्युतहरुको सदुपयोग गर्दै राष्ट्रिय विद्युत प्रसारण लाइन विस्तारलाई प्राथमिकतामा राखी सम्पूर्ण वडाहरुमा विद्युतिकरण गरिनेछ । केन्द्रिय विद्युत प्रसारण लाइन विस्तार तथा सञ्चालनमा रहेका लघु जलविद्युतको मर्मत सम्भारका लागि रु ८४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

## ४.वातावरण तथा विपद व्यवस्थापन

### ४.१ वन तथा भू संरक्षण

वन जंगलको संरक्षण बृक्षरोपण ,भूसंरक्षण लगायतका कार्यक्रम सञ्चालन गर्न कुल रु. ३४ लाख ७० हजार विनियोजन गरिएको छ ।

### ४.२ जल उत्पन्नत प्रकोप नियन्त्रण

सायल क्षेत्र बाढी ग्रस्त क्षेत्र हो , बिभिन्न समयमा प्राकृतिक प्रकोपबाट यो क्षेत्र ग्रसित रहेको अबगत गराउन चाहन्छु । यो अबस्था लाई मध्यनजचर गर्दै बिभिन्न सरकारी गैरसरकारी निकाय संगको सहकार्यलाई प्राथमिकता दिई स्थानिय प्रकोप न्युनिकरण व्यबस्थापन योजना(LDRMP) निर्माण गरी कार्यन्वयन गरीने छ । बाढी पहिरो जस्ता प्रकोपहरुको रोकथाम गर्न विभिन्न खतरापूर्ण स्थानहरुमा तटबन्धन गर्ने तथा विपदमा परेका व्यत्तिलाई उद्धार गर्न कुल रु. २६ लाख ५० हजार बजेट विनियोजन गरिएको छ ।

### ४.३ वातावरण संरक्षण तथा जलवायु परिवर्तन

जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ । सुधारिएको चुलो प्रयोग कार्यक्रमको लागि रु. २ लाख विनियोजन गरिएको छ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

### ५.१ सामान्य सेवा

सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाई प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गरिनेछ । जनगुनासोलाई प्रत्यक्ष रुपमा अनुभूत गर्ने गरी व्यवस्थापन गरिनेछ ।यस गाउँपालिकामा सार्वजनिक सेवाप्रवाहलाई जनमुखी र सेवामूलक वनाउन सार्वजनिक सेवा वडापत्रको व्यवस्था गर्न हरेक वडा कार्यालयलाई आवश्यक बजेट व्यवस्था गरिएको छ । गाउँपालिका, अन्तर्गतका सबै शाखा र वडा कार्यालयमा पर्याप्त भौतिक सामग्रीको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

यस गाउँपालिका अन्तर्गत काम गर्ने कर्मचारीहरुलाई सहजरुपमा काम गर्ने वातावरण सिर्जना गरिनेछ । विधी र पद्धतीमा आधारित जनमुखी सेवा प्रदान गर्न उत्प्रेरणा जोगाईने छ र कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डीतको व्यवस्था गरीने छ ।

यस गाउँपालिका क्षेत्रमा वैंक तथा वित्तिय संस्थाहरु सञ्चालनमा छैनन् । यस आर्थिक वर्षमा देशका सम्पुर्ण स्थानीय तहमा बैंक तथा वित्तिय संस्था खोल्ने सरकारको घोषणालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ ।गाउपालीका बाट आयोजना हुने कार्यक्रमको पारदर्शिताका लागी सार्बजनिक सुनुवाई, सामाजिक, परीक्षण लेखा परीक्षण एवं सुशाशन कायम गर्न आवश्यक कार्यक्रम तय गरिएको छ ।

## ५.२ सुचना प्रविधि

सुचना प्रविधिको माध्यमबाट सार्वजनिक सेवा तथा आर्थिक सामाजिक गतिविधिहरुमा डिजिटल नेपालको अवधारणा साकार पार्न आवश्यक श्रोत साधनको व्यवस्था गरिएको छ । गाउँपालिमा सूचना तथा संचार प्रविधि क्षेत्रको विकास तथा विस्तारको लागि नेपाल टेलिकम र अन्य निजि क्षेत्र सँग पहल गरिनेछ ।

यस सायल गाउँपालिका मातहतका कार्यालयहरुलाई सुचना प्रविधियुक्त बनाई आदेश, निर्देशन, सिफारिस र समन्वयको कार्यमा द्रुतता ल्याउन, विद्युत्तीय शासनको अवधारणालाई मुर्तता दिन प्रभावकारी, पारदर्शी, छिटोछरितो सेवा प्रवाह गर्ने र सुशासन स्थापना गर्ने पहिलो कदमको रुपमा वडा कार्यालयहरुमा इन्टरनेट जडानको लागि प्रत्येक वडालाई रु ३० हजार बजेट व्यवस्था गरिएको छ।

## ५.३ स्थानीय तथ्यांक संकलन

गाउँपालिकाको वैज्ञानिक तथा योजनाबद्ध विकासका लागि यसै आर्थिक बर्षमा बस्तुगत विवरण (प्रोफाइल) तयार गरिनेछ । आगामी ५ बर्षको लागि आवधिक योजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

## स्रोत अनुमान तथा राजश्व

यस गाउँपालिकामा संघीय सरकारबाट प्राप्त वित्तिय समानिकरण रकम रु. १५ करोड ६८ लाख १६ हजार, सर्शत अनुदान ८ करोड ५ लाख ५ हजार, र अनुमानित आन्तरिक आम्दानी ११ लाख र गत बर्षको खर्च हुन बाँकी रकम रु. ८२ लाख २९ हजार ५ सय २७ गरी सरकारी तर्फ जम्मा २४ करोड ६६ लाख ५० हजार ५ सय २७ जम्मा आय अनुमान गरेका छु । भने गैर सरकारी संस्था मार्फत रु २ करोड ३६ लाख ९६ हजार ४ सय ५३ गाउँपालिकमा भित्रिने अनुमान गरिएको छ । सो मध्ये शशर्त अनुदानको रकम रु. ८ करोड ५ लाख ५ हजार, तोकिएको कार्यक्रमहरुमा नै खर्च हुने व्यवस्था मिलाइएको छ । वित्तिय समानीकरणबाट प्राप्त अनुदान तथा अन्य आयलाई माथि प्रस्तुत गरिएको कार्यक्रमहरुमा खर्च गर्ने व्यवस्था मिलाईएको छ । यस आर्थिक बर्षमा शशर्त अनुदान बाहेक चालु खर्च तर्फ ४ करोड ४ लाख ८१ ह्जार ४ सय १३ र पुजीगत तर्फ रु. १२ करोड ५६ लाख ६४ हजार १ सय १४ विनियोजन गरिएको छ । जस मध्ये प्रत्येक वडा कार्यालयलाई पुजीगत तर्फ कम्तिमा रु ९० लाख र चालु तर्फ रु. १० लाख सम्बन्धित वडा कार्यालयबाट नै कार्यक्रम सञ्चालनका लागि विनियोजन गरिएको छ ।

राजश्व परामर्श समिति ले पेश गरेका प्रतिवेदन बमोजिमको राजश्वको दरहरु कार्यान्वय गरी राजश्व संकलन लाई प्रभावकारी बनाइनेछ ।

अन्त्यमा, स्थानीय सरकार संचालन, पुनर्निमाण तथा नवनिर्माण र आर्थिक विकासका विविध पक्षमा महत्वपूर्ण सहयोग पुऱ्याउने यस गाउँपालिकाका राजनीति दल, राष्ट्रसेवक कर्मचारी, सामाजिक अगुवा, बुद्धिजिवी, संचारजगत नागरीकसमाज लगायत यस गाउँपालिकामा बसोवास गर्ने सम्पूर्ण गाउँपालिकाबासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । धन्यवाद ।।।